मिति २०८२/१२/१५ गते तदअनुसार ने.सं. ११४६ चौलाथ्व एकादशी आइतबार बिहान ११:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १६० औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री वालकृष्ण रोका | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

## बैठक संख्या १६०
## मिति २०८२/१२/१५
## नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

आ.व. २०८१/८२ को प्रगतीको आधार, सम्बन्धित क्षेत्र हेर्ने शाखाबाट प्रविष्ट गरेका प्रमाणहरु वमोजिम प्राप्त हुन आएका मूल्याङ्कनलाई पृष्टपोषणका लागि जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक समक्ष प्रेशित गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

वडाबाट सिफारिस भई आएका प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना सहयोग कार्यक्रम(C.B.R) संचालन कार्यविधि २०८० को परिच्छेद २ को दफा ३ उपदफा १ को (घ) अनुसार छनोट भएका पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका हेरचाहकर्तालाई मासिक रु.२५००/- ( अक्षेरपी दुई हजार पाँच सय मात्र) सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४**

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेशबाट प्राप्त बेलाथुम्की बस्ति पहिरो नियन्त्रण र डिकोखेत ठुलोबारी बस्ति पहिरो नियन्त्रण योजनामा स्वीकृत रु.१५,००,०००/-बजेट उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता गर्ने निर्णय गरियो।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | माईली कामी | पा.न.पा.-६ | १००००/- | पालनपोषण |
| २. | भरत बहादुर विश्वकर्मा | पा.न.पा.-२ | १००००/- | आगलागि |
| ३. | पदम कुमारी ढुंगाना | पा.न.पा.-८ | १००००/- | पिसाब थैलिमा समस्या |
| ४. | चमेली राई | पा.न.पा.-८ | १००००/- | पाठेघरमा समस्या |
| ५. | राम्री माया लामा | पा.न.पा.-११ | १००००/- | ब्लड क्यान्सर |
| ६. | लिला धिमाल तामाङ | पा.न.पा.-८ | २००००/- | मृगौलामा समस्या |
| ७. | सन्तोष दमाई | पा.न.पा.-३ | १००००/- | हावाहुरीले बसोवास गरेको घर मा क्षती पुगेको |

निर्णय प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| ८. | विकास पहरी | पा.न.पा.-९ | १००००/- | हावाहुरीले बसोवास गरेको घर मा क्षती पुगेको |

<u>निर्णय नं. ६</u>

पाँचखाल नगरपालिका वडा नं १० स्थित कि.नं. ३९४१, १०४३, १०४४, ३९४०(जम्मा क्षेत्रफल ९७-८-२-३) भित्र रहेको सार्वजनिक कुलो क्षेत्रफल नघट्ने गरी स्थानान्तरण गरी जग्गा विकासको स्वीकृतीको लागि श्री लिजेण्डस इन्भेस्टमेन्ट प्रा.लि. कमलादी काठमाण्डौबाट माग भई आएको सम्बन्धमा प्रस्तावक कम्पनीको जग्गा विकास परियोजना स्थानीय व्यवस्थित वस्ती विकासको लागि उपयुक्त देखिएको हुँदा सार्वजनिक कुलोको स्वामित्व स्थानान्तरण हुने गरी स्थानीय तहबाट निर्णय गर्ने क्षेत्राधिकार स्थानीय तहमा रहेको कानूनी आधार नदेखिएको हुँदा निवेदनको माग बमोजिम सार्वजनिक जग्गा कुलोको क्षेत्रफल नघट्ने गरी स्थान परिवर्तन गरी जग्गा विकास गर्न स्वीकृती दिने सम्बन्धमा आवश्यक कारवाहीको लागि नेपाल सरकार शहरी विकास मन्त्रालय समक्ष सिफारिस गरी पठाउन पाँचखाल नगरपालिकाको जग्गा विकास निर्देशिका २०७६ वमोजिमको जग्गा विकास समितिको मिति २०८२ चैत्र १५ गते बसेको बैठकबाट सिफारिस भई आएकोले सो वमोजिमको प्रकृया अगाडी बढाउन नेपाल सरकार शहरी विकास मन्त्रालय समक्ष सिफारीस गरि पठाउने निर्णय गरियो।

<u>निर्णय नं. ७</u>

पाँचखाल नगरपालिका वडा नं १ देखि १३ सम्मका जग्गाहरुको नापी कार्य २०३२ सालमा भएको र उक्त नापिको अभिलेख बमोजिम हाल विभिन्न समस्याहरु सृजना भएको हुँदा नयाँ प्रविधि (डिजिटल नापी) बमोजिम आवश्यक वजेट व्यवस्थापन सहित नयाँ नापी नक्सा गरी दिन नेपाल सरकार भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसम्म अनुरोध गरी पठाउने निर्णय गरियो।

<u>निर्णय नं. ८</u>

पाँचखाल नगरपालिका वडा नं ३ र ४ को कार्यालय रहेको भवन जिर्ण भएको र तत्काल मर्मत सुधार गर्नु पर्ने देखिएको हुँदा निर्माण कार्य गराउँदा उक्त वडाबाट दिइरहेका सेवाहरु उपलब्ध गराउन समस्या पर्ने भएको हुँदा निर्माण कार्य सम्पन्न नहुँदासम्म ४ नं वडा कार्यालय पाँचखाल नगरपालिका वडा नं ४ लामिडाँडा स्थित लामिडाँडा सामुदायिक भवनमा अस्थायी रुपमा सारी दैनिक सेवा संचालन गर्ने र ३ नं वडा कार्यालयको लागि उपयुक्त स्थान छनौट गरी वा घर भाडामा लिई दैनिक सेवा सुचारु गर्ने निर्णय गरियो।

<u>निर्णय नं. ९</u>

पाँचखाल नगरपालिकाको नगर शिक्षा योजना लेखन समिति शिक्षा युवा तथा खेलकुद शाखाको शाखा प्रमुख उदय प्रसाद कोइरालाको संयोजकत्वमा निम्न सदस्य रहने गरी नगर शिक्षा योजना लेखन समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १.उदय प्रसाद कोइराला | शिक्षा अधिकृत | संयोजक |
| २.जयराम अधिकारी | प्र.अ. सर्वमंगला मा.वि. | सदस्य |
| ३.धन बहादुर बस्नेत | स्रोत व्यक्ति(नगर शिक्षा शाखा) | सदस्य |
| ४.प्रल्हाद प्रसाद तिमल्सिना | प्र.अ. आजाद मा.वि. | सदस्य |
| ५.नरेश सिंह कुवर | प्रा.स. नगर शिक्षा शाखा | सदस्य सचिव |

निर्णय नं. १०

आ.व. ०८२/८३ को प्रथम र दोस्रो त्रैमासिकको आन्तरिक लेखा परिक्षण गरी पेश भएको प्रतिवेदन माथी छलफल गरियो र प्रतिवेदनमा औल्याइएका कमी कमजोरीहरुलाई सुधार गर्दै आगामी कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित सबै शाखाहरुलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ११

पाँचखाल नगरपालिका वडा नं १ को भुभाग पाँचखाल नगरपालिकाको केन्द्रबाट उत्तर पश्चिममा रहेको, भौगोलिक जटिलता रहेको, बहुसंख्यक जनजाती(तामाङ) वस्ती रहेको क्षेत्र भएको हुँदा समाजमा विभिन्न घटनाहरु घट्ने गरेको र प्रहरी चौकी पाँचखालबाट टाढा रहेको हुँदा शान्ती सुरक्षा अपराधीक घटना लगायतका सेवा पुर्याउन कठिनाइ भएको हुँदा उक्त वडामा एक वटा अस्थायी प्रहरी चौकी/प्रहरी बिट स्थापना गर्न आवश्यक कारवाही प्रकृयाका लागि जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

निर्णय नं. १२

क.पुरानो भुवनेश्वरी संरक्षण तथा व्यायमशाला निर्माण वडा नं १२ का लागि आवश्यक जिमका सामाग्रीहरुको दररेट प्राविधिक शाखाबाट पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

ख.सहिद पार्कमा सहिदहरुको सालिक स्थापना योजना वडा नं १ को लागि आवश्यक मुर्तीहरुको दररेट प्राविधिक शाखाबाट पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

ग.नवग्रहको मुर्तीहरुको दररेट प्राविधिक शाखाबाट पेश भए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १३

यस नगरपालिकाबाट आ.व. २०८१/०८२ र आ.व. २०८२/०८३ मा क्षेत्राधिकार बाहिर कुनै पनि करारोपण नभएको स्वघोषणा सहितको निर्णय गरियो।

निर्णय नं. १४ (विविध)

क. पाँचखाल नगरपालिका वडा नं ४ स्थित विन्दवासिनीबाट टेलिकम तर्फको गुह्ये कुलो प्राविधिक इष्टिमेट बमोजिम नगरस्तरीय आकस्मिक कोष शीर्षकबाट भुक्तानी हुने गरी मर्मत संभार गर्ने निर्णय गरियो।

ख. विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी हुने गरी दमकलको लागी पानी भर्न डुमकाटे पोखरी पा.न.पा. ६ मा एउटा मोटर र पाइप खरिद गर्ने निर्णय गरियो।

ग. पा.न.पा. ९ स्थित पलाञ्चोक र कालीका मन्दिरमा लाइटिङ्ग बत्ती विविध कार्यक्रम शीर्षकबाट व्यवस्थापन गरी दिन जिन्सी शाखालाई निर्देशन दिने निर्णय गरियो।

घ. लामो समयसम्म महिला स्वास्थ्य स्वयं सेवक भई स्वास्थ्य क्षेत्रमा योगदान पुर्याई अवकास हुनुहुने महिला स्वास्थ्य स्वयं सेविकालाई उहाँहरुको सेवाको कदर गर्दै सम्मान स्वरुप प्रति स्वयं सेविकालाई रु.१ लाख नगद प्रोत्साहन रकम सहित सम्मान गरी विदाई गर्ने निर्णय गरियो।

ङ. पा.न.पा. वडा नं ६ को सपना ग्वाछा भैलको घर नक्सा पास प्रयोजनार्थ जम्मा भएको राजश्व रु.२०,१६०/- नक्सा पास गर्न पाँचखाल नगरपालिकाको शहरी विकास तथा भवन निर्माण मापदण्ड २०७९ बमोजिमको मापदण्ड पालना पुरा नभएको हुँदा फिर्ता गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

च. पाँचखाल नगरपालिका वडा नं ११ स्थित राम्चे खानेपानी योजना(फेदी) उपभोक्ता समितिलाई उपलब्ध गराएको दुई रोल पाइप खरिद गर्दा लागेको संलग्न बील बमोजिमको रकम रु.३७,५००/-भुक्तानी गर्ने निर्णय गरियो।

छ. यस नगरपालिकाको आ.व. २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्म भए गरेका आय व्यय विवरण पेश भई छलफल गरियो। स्वीकृत कार्यक्रम मध्ये कार्यान्वयन गर्न बाँकी रहेका योजना तथा कार्यक्रम समयमै सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ज. पूर्वाधार विकास शाखाबाट पेश भएका देहाय बमोजिमको योजनाहरुलाई चालु आ.व. मा खर्च हुन नसकेको बजेट रकम आगामी आ.व.मा दायित्व शीर्षकमा राखी विनियोजन गर्ने सुनिश्चितता गर्ने निर्णय गरियो।

- खोकवेशी देवीथान सडक स्तरोन्नती

-Various road upgrading at Panchkhal 4

-Various civil works at ward no. 7

झ. पाँचखाल नगरपालिका कार्यालय अन्तर्गत वडाहरुमा कार्यरत बिमा दर्ता सहयोगीहरुको स्वास्थ्य बिमा नगरपालिका कार्यालयबाट निःशुल्क गरिदिने निर्णय गरियो।

*(बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।)*

निर्णय प्रमाणित